सत्य तथ्य र निषपक्ष समाचारका सार्थी

दैनिक
# ज्योती जागरण
Jyoti Jagran Daily

जि.प्र.का.पर्सा द. नं. ३०५/०७८/०७९

वर्षः २ | अंक : १६७ | वि.सं. २०७९ माघ ०४ बुधबार | 18, 2023 Wednesday, JAN | पृष्ठ संख्या : ४ | मूल्य ५ रुपैयाँ

## मन्त्रिपरिषद विस्तार , नवनियुक्त मन्त्रीहरुले लिए थपथ

काठमाडौं,०३ माघ : प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले मन्त्रिमण्डल विस्तार गरेका छन् । मंगलबार नै नवनियुक्त मन्त्रीहरुले पद तथा गोपनीयताको शपथ पनि लिएका छन् ।

नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राष्टि्रय स्वतन्त्र पार्टी र राष्टि्रय प्रजातन्त्र पार्टीबाट मन्त्री भएकाहरुले राष्ट्रपति कार्यालयमा पद तथा गोपनीयताको शपथ लिएका हुन् । राष्टि्रय प्रजात्नत्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देन उपप्रधानमन्त्री तथा ऊर्जा तथा जलस्रोत मन्त्रीको शपथ लिएका छन् ।



नेकपा माओवादी केन्द्रबाट रेखा शर्मा सूचना, सञ्चार तथा प्रविधिमन्त्री र अमनलाल मोदी संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री भएका छन् । यस्तै माओवादी केन्द्रकै सुदन किराती पर्यटन तथा नागरिक उड्ययनमन्त्री र सुशीला श्रीपाली भौतिक पूर्वाधार राज्यमन्त्री भएकी छन् ।यसअघि माओवादी केन्द्रबाटै नारायणकाजी श्रेष्ठ यसअघि नै उपप्रधानमन्त्री तथा भौतिक पूर्वाधारमन्त्री भइसकेका छन् ।

नेकपा एमालेबाट डा. विमला राई पौडेल, पदम गिरी, भगवती चौधरी र हरि उप्रेती मन्त्री नियुक्त भएका छन् । पौडेल परराष्ट्र र गिरी स्वास्थ्य मन्त्री बनेका छन् ।

राप्रपाबाट सहरी विकासमन्त्रीमा उपाध्यक्ष बिक्रम पाण्डे र कानुनमन्त्रीमा ध्रुवबहादुर प्रधान रहेका छन् । राप्रपाबाटै दीपक सिंह उर्जा

***बाँकी तेश्रो पृष्ठमा***

## पोखरा जहाज दुर्घटनाः थप एक जनाको शव फेला, एक बेपत्ता



पोखरामा भएको जहाज दुर्घटनामा ७१ जनाको शव फेला परेको छ।

आइतबार बिहान ११ बजे पोखरा महानगरपालिका-१५ स्थित सेतीको खोंचमा यती एयरलाइन्रुसको जहाज दुर्घटनामा परेको थियो।

उक्त जहाजमा ७२ जना सवार थिए। जसमध्ये ७१ जनाको शव फेला परेको नागरिक उड्डयन प्राधिकरणले जनाएको छ।

यसअघि घटनास्थलभन्दा डेढ किलोमिटर तल एक जनाको शव फेला परेको बताए पनि उक्त शव जहाज दुर्घटनाकै हो/ होइन खुलेको थिएन। एक जना बेपत्ताको खोजी भने भोलिमात्रै गरिने भएको छ।

नेपाली सेनाले अहिलेसम्म काठमाडौंमा ४८ जनाको शव ल्याएको छ। २२ वटा शव पोखरामै आफन्तले बुझेर लिएका छन्।

## खेसारीलाल सहभागी बर्जु महोत्सवमा यसपालि पनि झडप



३ माघ, विराटनगर । सुनसरीमा भोजपुरी कलाकार खेसारीलाल यादव सहभागी एक कार्यक्रममा झडप हुँदा पाँच जना घाइते भएका छन् ।

मंगलबार सुनसरीको बर्जु गाउँपालिका- ६ मा आयोजित बर्जु महोत्सवमा भारतीय भोजपुरी कलाकार खेसारीलाल यादव सहभागी कार्यक्रममा झडप भएको हो । झडपमा दुई जना दर्शक र तीन जना प्रहरी सामान्य घाइते भएका हुन् । प्रहरीले कार्यक्रम स्थलमा ढुंगामुडा गर्ने एक जनालाई पक्राउ गरेको छ ।गत वर्ष माघ ४ गते मंगलबार बर्जु महोत्सव यादव सहभागी हुने कार्यक्रममा पनि झडप भएको थियो । यादवलाई स्थानीय प्रशासनले कार्यक्रमस्थलमा जान नदिएपछि आक्रोशित भिडले यादवको टिमले प्रयोग गर्ने भारतीय नम्बर प्लेटका चारवटा स्करपियो गाडी जलाएको थियो। स्टेज तोडफोड गरेको समूहले साउन्ड सिस्टम र कार्यक्रमस्थलमा प्रयोग गरिएको लाइट पनि तोडफोड गरेको थियो ।यो पटकको महोत्सवमा पनि यादवलाई बोलाइएको थियो। यादव सहभागी हुने कार्यक्रमको

***बाँकी तेश्रो पृष्ठमा***

## सप्तरीको शम्भुनाथ नगरपालिकाका इन्जिनियर एक लाख ४० हजार रूपैयाँ घुससहित पक्राउ




काठमाडौं। सप्तरीको शम्भुनाथ नगरपालिका इन्जिनियर रामचन्द्र शाह एक लाख ४० हजार रुपैयाँ घुससहित पक्राउ परेका छन्।अख्तियार दुरुपयोग अनुसन्धान आयोगको टोलीले शाहलाई सेवाग्राहीसँग घुस लिँदालिँदै पक्राउ परेको दाबी गरेको छ।इन्जिनियर साहलाई अख्तियारको टोलीले नगरपालिकाबाटै नियन्त्रणमा लिएको मेयर जितेन्द्र प्रसाद गुप्ताले जानकारी दिए ।उनले भने, 'एक लाख ४० हजार रुपैया बरामद भएको थाहा पाएँ । तर कोबाट घुस लिएको थाहा भएन ।' स्रोतका अनुसार इन्जिनियर साहले विद्यालयमा भएको कामको भुक्तानीका लागि घुस लिएका थिए ।

## अपराधको अखाडा बन्दै वीरगञ्जका क्यासिनो

**वीरगञ्ज महानगरपालिकामा सञ्चालित क्यासिनोहरु अपराधको अखाडा बन्दै गएको छ । सञ्चालनमा रहेका चारवटा क्यासिनोमा विदेशी पर्यटक भन्दा पनि नेपालीहरुको भीड हुने गरेकोले पनि क्यासिनोहरु अपराधिक स्थल बन्दै गएको हो ।**

**वीरगञ्जको होटल भिषवा र सुरजमा लगभग एक दशक देखि मिनी क्यासिनो सञ्चालन हुँदै आएको छ भने दियालो लड्स र होटल कलार्कमा केही महिना देखि क्यासिनो संचालन सुरु भएको छ ।**




**पर्सा प्रहरीले तास जुवामा कडाइ गरेपछि स्थानीय जुवाडेकोहरुको लागि क्यासिनोहरु सुरक्षित स्थल बनेका छन् । मुख्य रुपमा वीरगञ्जको केन्द्रमा रहेको होटल सुरज र होटल दियालो लड्समा रहेको किँग्स क्यासिनोमा स्थानीय जुवाडेहरुले एक दिनमा लाखौ रुपैयाँ हार्ने गरेको छपकैयाका एक जुवाडेले बताए । उनले भने 'वीरगञ्जका तस्कर देखि व्यापारीहरु म्यारेज र फ्लास खेल्न किँग्स क्यासिनोमै पुग्ने गरेका छन् ।'**

**एउटा टेबुलमा ६ जना खेलाडीहरुले प्रति राउण्ड एक–एक गरी ६वटा क्वाइन्स बोर्ड तिर्नु पर्ने हुन्छ ,सो अनुसार एक राउण्डको म्यारेज खेलमा २ हजार बोर्ड लाग्ने गरेको छ । प्रत्येक दिन ७ देखि १० लाखसम्म उक्त क्यासिनोको आम्दानी हुने गरेको बताइन्छ ।**

**आफूहरु आइडी प्रुफ हेरेर विदेशी भए मात्र क्यासिनोमा प्रवेश गर्न दिएको किँग्स क्यासिनोका एक सञ्चालकले बताए । उनले भने,'नेपाली भए पनि उनीहरु भारतीय आधार कार्ड लिएर आउने गरेका छन् ।**

**किँग्स क्यासिनामा नेपालीहरुको प्रवेश बढेको खबर आफूले पनि पाएको र केही दिन अगाडि विर्ता वडा प्रहरी कार्यालय र जिल्लाको संयुक्त टोलीले छापा हानेको पर्सा जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक कोमल शाहले जानकारी दिए । तर, रातिदबजे तिर गरेको छापामारीमा एक जना नेपाली मात्र फेलापरेको र उनले पनि भारतीय आधार कार्ड प्रयोग गरको प्रहरी उपरीक्षक शाहले स्पष्ट पारे । क्यासिनो नियमावली २०७० को संशोधित २०७६ अन्तर्गतको मापदण्ड पूरा नगरी अवैध रुपमा वीरगञ्जका कतिपय क्यासिनो सञ्चालन गर्दै आएको आरोप समेत लागेको छ । पूर्वमन्त्री देखि ठूला राजनेता तथा पहुँचवालाहरुले क्यासिनो संचालन गरेको कारण पनि स्थानीय प्रशासनले चाहेर पनि केही गर्न नसक्ने वीरगन्ज महानगरपालिकाका वडा अध्यक्ष आशुतोष चतुर्वेदीको भनाइ छ । उनले भने,'किँग्स क्यासिनो वाहेकका अधिकांश क्यासिनोहरु पहुँच र मिलिजुली रुपमा चलिरहेका छन । क्यासिनो नियमावली अनुसार ५ किलोमिटर भित्र एक भन्दा बढी क्यासिनो संचालन गर्न निषेध छ ।**

***बाँकी तेश्रो पृष्ठमा***



# ज्योती जागरण

दैनिकको लागि
प्रकाशक

ज्योती मिश्रा (मोबाइल : ९८१९२८८३०१)

सम्पादक : अजय कुमार कुशवाहा
कार्यकारी सम्पादक : सञ्जिव मिश्रा (९८५५०३३६०१)
अतिथी सम्पादक : कृष्णा कुशवाहा
विशेष प्रतिनिधी : मुस्तुफा आलम
कानूनी सल्लाहकार : पन्नालाल गुप्ता
कार्यालय : वीरगञ्ज-१३ राधेमाई,
इमेल : news.jyotidainik@gmail.com

मुद्रक : शुभलक्ष्मी अफसेट प्रिन्टिङ प्रेस


# भइनसकेका शिक्षामन्त्री सम्झेर

**टीका भट्टराई**

नयाँ मन्त्रिमण्डलको सुरुआती चरणमा कसैले शिक्षामन्त्रीका रूपमा शपथ लिएनन् । यसबाट दल, मन्त्री वा प्रधानमन्त्रीको प्राथमिकतामा यो मन्त्रालय छैन भन्न अप्ठेरो पर्दैन । यसले शिक्षाकर्मी मात्र हैन, देशलाई बाटो र बिजुलीभन्दा पर, दूरगामी परिवर्तनका पक्षमा सोच्ने सबैलाई निरुत्साहित तुल्याउँछ ।

मुख्य दलहरूले शिक्षामा चासो नराख्नु नौलो होइन तर जनताले केही गर्लान् कि भनेर मत दिएका नयाँ अनुहार पनि त्यही पदलाभको बाटामा हिँड्न खोजेको देखिन्छ ।

पञ्चायत र दलीय कालमा राणाहरूले शिक्षामा ध्यान दिएनन् भनेर सत्तोसराप गर्दै बिताइयो तर समय र बेवास्ताको कुरा गर्दा आगामी पुस्ताले पनि यो पुस्तालाई भर्त्सना र खेद प्रकट गर्नमै समय बिताउनुपर्ने छनक देखिँदै छ । अझै समय छ र आशा पनि छ– विस्तारित मन्त्रिमण्डलमा शिक्षालाई उन्नतिको औजार मान्ने कोही शिक्षामन्त्री देशले पाउला । यही आसमै यो लेख लेखिएको छ । सम्भावित मन्त्री वा मन्त्रीको दल र उनका निकटहरूलाई यो लेखमार्फत शिक्षाक्षेत्रका अपेक्षाको छनक मिलोस् ।

नियुक्तिपछि मन्त्रालयमा नयाँ शिक्षामन्त्रीको स्वागत हुनेछ । अहिलेसम्म अकर्मण्यता र अलमलग्रस्त कर्मचारीका नेताबाट माला लाउनेछन् । शिक्षा क्षेत्रले नयाँ शिक्षामन्त्रीबाट पहिलो काम सङ्घीय शिक्षा विधेयक संसद्मा प्रस्तुत गर्ने तयारीका लागि छलफल चलाऊन् र प्रतिबद्धता जनाऊन् भन्ने अपेक्षाविपरीत पहिलो काम कर्मचारीहरूले तयार पारेको कुनै ऐरे-गैरे विषयमा हस्ताक्षर गरेर पदबहालीको कर्मकाण्ड गर्लान् । यसले सबै लाभग्राहीलाई यथास्थितिमा रहने सुविधा दिएको छ त नभन्लान् तर यो ऐन नभएर कुनै काम रोकिएको छैनचाहिँ भन्लान् । परिहाले 'यसो भन्नेहरू सत्तामा केही नपाएर ध्यानाकर्षणका लागि कुरा गर्ने डलरे या बेकारी हुन्, यिनका कुराले विचलित नहुन' ढाडस पनि देलान् ।

नयाँ शिक्षामन्त्रीले पहिलो क्षणदेखि नै बिहानीले दिनको संकेत गरेजस्तै सुधारको संकेत गरून्, यो समयदेखि नै कर्मकाण्डमा फेरबदल ल्याऊन् भन्ने जनअपेक्षा छ । के बुझिदिऊन् भने, परम्परागत कर्मकाण्ड गरेनन् भने पनि उनको भत्ता वा वरीयता घट्दैन । उनले शिक्षामा केमा प्राथमिकता दिनुपर्छ भनेर सुरुदेखि नै मन्त्रालयको ज्ञान जाँच्न वा सिक्न प्रश्न गरे केही अर्थपूर्ण हुन्थ्यो । अझ विशिष्ट अपेक्षा त, कुशिक्षा र अशिक्षाको सिकार भएका बालबालिकाबाट माला लगाएर काम सुरु गरे हुन्थ्यो ।

नियमित ट्रेन्ड पछ्याउँदा भन्न अप्ठयारो छैन– सुरुमै उनले कर्मचारीका कुरा सुन्नेछन्; स्रोतसाधन र जनशक्ति अपर्याप्त छ, त्यसैले शिक्षाक्षेत्रमा अपेक्षित प्रगति हुन सकेको छैन ! उनीहरूले अदक्षता र अनुत्पादक केन्द्रीय संयन्त्रका कुरा गर्नेछैनन् । सुपरिवेक्षण र जिम्मेवारीका कुरा गर्नेछैनन् । सार्वजनिक शिक्षा बिग्रेको पैसाको कमीले होइन, ती संस्थामा जनताको भरोसा उठेर हो र भरोसा पैसाले किन्न सकिन्न भन्नेछैनन् । अनि भेट्नेछन्, एकथरी दादा, शिक्षकहरूका नेता । उनीहरूले भन्नेछन्– हाम्रा सुविधा पर्याप्त भएनन्; अनि थप्नेछन्– हामी अक्षम स्थानीय सरकारहरूबाट परिचालित हुन चाहन्नौं, अघिल्लो सरकार र मन्त्रीसँग गरेका सहमति कार्यान्वयन गर आदि । उनीहरूले पनि आफ्नो गैरजिम्मेवारी र अदक्षताको कुरा गर्नेछैनन् । सकेसम्म मन्त्रीसम्बद्ध शिक्षक संगठनका दादाहरू पनि सँगै हुनेछन् ।

त्यसपछि भेट्नेछन् निजी विद्यालयका दादाहरू । उनीहरूले व्यवहारमा शिक्षकहरूको जस्तो ठाडो दादागिरी देखाउनेछैनन् । मन्त्रीका कुरा सुन्नेछन्, अनि मन्त्रीका विचारप्रति प्रतिक्रिया दिनेछन् । शिक्षाप्रतिको चासो शिक्षकले भन्दा बढी नै व्यक्त गर्नेछन् ।

राज्यले आफूहरूलाई केही सुविधा नदिएको र योगदानको सम्मान नभएको कुरा गर्नेछन् । अनि बिस्तारै निजी क्षेत्रले असहयोगका बावजुद गरेको लगानीको थुप्रो देखाएर प्रभावित गर्नेछन् । अनि पेच कस्दै चुनौती दिनेछन्– सरकारले जनतालाई निजी स्कुल नआउनुपर्ने बनाओस् ।

मन्त्रीको ज्ञानको स्तर अनुसार निजी विद्यालयले रोजगारी दिएको र देशबाट बाहिर जान बचाएको रकमको कुरा गर्नेछन् । मन्त्रीबाट उनीहरूप्रति कुनै दुराग्रह नराखिने आश्वासन लिएर फर्कनेछन् । सायद दुवैथरीले तत्काल सङ्घीय शिक्षा ऐनको विषय उठाइहाल्नेछैनन् । स्वागतको निम्ता होला । मन्त्रीका मनमा सार्वजनिक शिक्षा प्रणाली ध्वस्त भएको मूल्य कति होला भन्ने प्रश्न नआओस् भन्ने यत्न त्यहाँ रहिरहला ।

उनले शिक्षाका अभियन्ता वा प्राध्यापकहरू भेट्न हतार गर्नेछैनन् । दादा र घुसघुसेहरू भेटेर उनले धारणा बनाउन थाल्नेछन् । अनि उनलाई लाभका पदका लागि गरिने दलीय वितरणको काम र कार्यक्रमको अतिथि, उद्घाटन आदिले फुर्सद हुनेछैन । शिक्षक र कर्मचारीको पजनीले समय लिनेछ । आफ्ना दल र दक्षिणाले कति प्रभावित गर्नेछ, त्यो उनका मालिकमा भर पर्नेछ । यसैबीच ठूला दाताहरू आएर आफ्नो लगानीको बचावको वाचा लिएर फर्किसकेका पनि होलान् ।

विदेश जानुपर्ने मौका पनि आइलागिहाल्ला !

कसैले ईजीआरपीजस्ता परियोजना काम लाग्दैनन्, विद्यार्थीले पढ्न नजानेको विधि र सामग्री नभएरभन्दा विद्यालयहरूमा पढाइ नै नभएर हो भन्नेछैनन् । शैक्षिक गुणस्तर परीक्षण केन्द्रलाई प्रभावकारी बनाउन पनि भन्नेछैनन् । अलि पछि सुनिहाले भने अर्कै कुरा, नत्र दरबन्दी अपुग होइन, असमान वितरण मुख्य कुरा हो पनि भन्नेछैनन् ।

यिनले शिक्षण संस्थाहरूको तत्काल नक्साङ्कन गर्नुपर्छ अनि जनशक्तिको प्रक्षेपण र जनसङ्ख्याका आधारमा राखिनुपर्छ पनि भन्नेछैनन् । पूर्वाधार पर्याप्त नरहेको कुरा गर्लान् तर बनेका आलिसान भवन, विद्यार्थीको सङ्ख्या र सिकाइबीच तादात्म्य नरहेको कुरा पनि गर्नेछैनन् । सकेसम्म बिनापैसा गर्न सकिने सुधारको कुरा हुनेछैन । पाठ्यपुस्तक अझै रंगीन र चिल्लो बनाउनेजस्ता कुरा सायद आउलान् । पाठ्यक्रम सुधार्नुपर्ने कुरा त मन्त्री आफैंले गर्लान् ।

धेरै समस्या पाठ्यक्रममा होइन, डेलिभरीमा छ भन्छन् कि भन्दैनन्, त्यो शिक्षामन्त्री र उनको दलको भाष्यमा भर पर्ला । पाठ्यपुस्तक समयमा पुर्‍याउने वाचा त मन्त्रीको प्रतिबद्धतामा आउने सदाबहार विषय नै भइहाल्यो ।

पाठ्यपुस्तक नभए पनि पढाउँदै गर्न मिल्छ भन्नेलाई त दादाहरूले 'उनीहरू जस्तै शिक्षाविज्ञ ल्याएर पढाउन लगाउनोस् न त' भन्न किञ्चित् संकोच गर्नेछैनन् । विषय रोजगारीभित्र प्रवेश गर्ला । प्राविधिक शिक्षाको कुरा गर्लान् ।

सम्बन्धितले त्यसको फेहरिस्त सुनाउलान् । उपलब्धि न्यून भए पनि प्राविधिक शिक्षाका रोमाञ्चक प्रगतिले थलिएका छन् शिक्षाका कर्मचारीहरू । यति अदक्ष प्राविधिक शिक्षा किन निजी क्षेत्रलाई नदिएर सरकारले नै चलाइरहने भन्ने प्रश्न कतैबाट आउला ?

अहिले जनशक्ति तथा मानव स्रोत विकास केन्द्र अन्तर्गत रहेको पहिलेको जनशक्ति विकास केन्द्रले गर्नेजस्तो शिक्षक तालिमको निजीकरण गर्ने कुरा त अराष्ट्रिय नै ठहरिन बेर छैन ! केही कुराको दोष सङ्घीयतामा पक्कै जानेछ । पालिकाहरूले चलाउन सक्दैनन् वा ती तयार भएका छैनन् भन्लान् । कर्मचारीले 'त्यसमा हाम्रो सहयोग रहेको भए निकै गति लिने

बाँकी तेश्रो पृष्ठमा

# हिमालको पर्यावरणीय साँघु

**नारायण कोजु**

दोलखाको बिगु गाउँपालिकामा पर्ने हिमाली गाउँ लप्चीका बासिन्दा तीन वर्षदेखि बेचैन छन् । कोभिड महामारीसँगै चीनले नाका बन्द गरेपछि यो छटपटीको सुरुआत भएको हो जसको कारकमा भने चौंरी जोडिएको छ ।

नक्सामा हेर्दा तिब्बतभित्र छिरेको जस्तो देखिने यो गाउँ हिमालका उत्तरी र दक्षिणी पाखा जोड्ने साँघु पनि हो । यो बस्ती १,१०० वर्षअघि बौद्ध धर्मको तिब्बती हाँगो महायानका प्रसिद्ध गुरु मिलारेपासँगै बसेको विश्वास गरिन्छ । ६५ वर्ष नेपाल र चीनबीच औपचारिक सीमांकन र सीमा सन्धि नहुँदासम्म लप्ची तिब्बतमै पर्थ्यो । नेपाल-चीन सीमांकनका क्रममा त्यति बेला नेपाली सरहदभित्रका कतिपय बस्ती तिब्बततिर पुगे भने उताका कतिपय बस्ती यता आए । राजनीतिक सिमानाले दुई देशमा बाँडिए पनि पर्यावरणीय हिसाबले भने हिमालको उत्तरी काखमा पर्ने तिब्बती पठार र दक्षिणी काखमा पर्ने नेपाली उच्च हिमाली क्षेत्र वर्षौंदेखि एकअर्कासँग विभिन्न माध्यमले जोडिएका छन् । देख्दा अभेद्य लाग्ने हिमाली शृंखलाबीच उभिए पनि यी दुई भूभागलाई एकअर्कासँग जोड्ने अनेकौं साँघु छन् । तीमध्ये एउटा हो– चौंरी । ३३ घरधुरीमा ३०० भन्दा कम मानिस बस्ने लप्चीमा चौपाया भने ५०० भन्दा बढी छन् । हरेकजसो परिवारले ३० देखि ५० वटासम्म चौंरी पालेको छ । शेर्पाबहुल यो बस्तीको तिब्बतसँग बिहेबारीको सम्बन्ध छ । त्यसैले सीमावारिपारि तिनका आफन्त छन् । त्यो नातालाई अझ बलियो बनाइरहने अर्को माध्यम चौंरी नै हो । कोभिड सुरु नहुँदासम्म लप्चीका बासिन्दाले तिब्बतमा चौंरी बेच्ने गर्थे । यताका चौंरी किनेर तिब्बतीहरूले कृषिकर्म लगायत सम्पन्न गर्ने गरेका थिए । कोभिडसँगै चीनले सबै सीमानाका बन्द गरेपछि यताका चौंरीले बजार पाउन सकेका छैनन् । उताका आफन्तले पनि चौंरीको अभावमा कष्टदायी जीवन बिताइरहेका होलान् भन्ने पीर झनै चर्को छ ।

विडम्बना, यो पिरलो केवल लप्चीमा सीमित छैन । हिमालको दक्षिणी पाखोका बासिन्दाले उत्तरी पाखोका बासिन्दालाई चौंरी बेच्ने यो प्रचलन लप्चीको मात्र विशेषता होइन । हिमालय शृंखलाभरि नै यो प्रचलन शताब्दियौंदेखि चलिरहेको छ, हिमाली पर्यावरण र यी हिमाली गाई-गोरुको आनुवंशिक विशेषताका कारण ।

के हो चौंरी ?

नेपाली भाषामा चौंरी भनिने हिमाली गाई-गोरुलाई शेर्पा भाषामा डिम्जो, जो, जोप्क्यो, डिजोमो, जुम आदि भनिन्छ । भालेलाई उराङ, डिम्जो वा जोप्क्यो भनिन्छ भने पोथीलाई उराङमा, डिजोमो वा जुम । खासमा यी हिमालका उत्तरी र दक्षिणी पाखाका गाई-गोरुका ठिमाहा सन्तान हुन् । मानिसले नै यिनको ठिमाहा नस्ल बनाएको हो । समुद्री सतहभन्दा ३,००० मिटर माथि चर्ने साँढे याक र गाई नाक हुन् । त्यहींको हावापानी र बुट्यानमा अभ्यस्त भएका याक-नाक वातावरणीय हिसाबले अनुकूल भए पनि मानवजीवनका लागि पर्याप्त भएनन् । तीव्र गतिमा बहने स्याँठ खप्दै त्यो उचाइमा कम अक्सिजनमा पनि फुर्तीका साथ गह्रुँगो भारी बोकेर हिँड्न सक्ने जीव नभई जिन्दगी चल्दैनथ्यो । भारी बोकेर मात्र पुग्दैनथ्यो, प्रशस्त दूध दिने गाई भए जीवन झनै सहज हुन्थ्यो । आवश्यकताले डोऱ्याएपछि आविष्कारको बाटो पछ्याउनु त मानवजातिको आदिम स्वभाव नै हो । उसले विकल्प खोज्यो । हिमालको उत्तरी पाखोमा चरिरहेका याक र नाक लिएर दक्षिणी पाखोतिर आयो । याक र नाक चर्ने उच्च हिमालभन्दा अलिकति तल, महाभारतका चुचुरामा चल्ने चिसो स्याँठ खप्न सक्ने गाई-गोरु प्रशस्त थिए । ती गाई पामु नामले चिनिन्थे । याक र पामुबीच प्रजनन गराइयो । त्यसरी जन्मिएका ठिमाहामध्ये भालेलाई किर्कोङ र पोथीलाई फलाङ भनियो । दुवैसँग प्रजनन क्षमता भए पनि किर्कोङ र फलाङबीच प्रजनन गराउँदा बच्चा जन्मिएनन्, जन्मिएका पनि बाँच्न योग्य भएनन् । मानिसलाई त बलियो र धेरै दूध दिने घरपालुवा पो चाहिएको थियो !

फेरि याक र फलाङबीच प्रजनन गराइयो । एउटा शुद्ध, अर्को ठिमाहा । यीबाट झनै ठिमाहा सन्तान जन्मिए । भालेलाई लाङ नाम दिइयो, पोथीलाई फलाङ नै भनियो । पहिलो ठिमाहा भाले किर्कोङ र दोसो ठिमाहा भाले लाङ बडो कामका निस्किए । नाकसँग यिनको समागम गराउँदा भाले डिम्जो (जोप्क्यो) र पोथी डिन्जोमो (चौंरी गाई) जन्मिए । तेस्रो ठिमाहा लाङ र फलाङबीच समागम गराउँदा भाले उराङ (जोप्क्यो) र पोथी उराङमा (जुम) जन्मिए । यिनै हुन् हामीले भन्ने गरेका चौंरी जसमध्ये डिम्जो र उराङ दुवै थरी भाले नपुंसक हुन्छन् ।

यसरी इतिहासको कुनै कालखण्डमा, वर्षौंको प्रयोग र परीक्षणपछि मानिसले चौंरीको नस्ल बनाएको थियो । चौंरी उत्पादन गर्ने त्यो परम्परा अहिले पनि चलिरहेको छ । यसैसँग जोडिएर मान्यता र मिथकहरू बनेका छन् ।

जोप्क्यो र डिम्जोसँग याक र लाङको प्रजनन गराए क्रमशः कोकोयाक (भाले), कोकोनाक (पोथी), झुमी तोलु (भाले) र तोलुमा (पोथी) जन्मिन्छन् । यी सबै निर्बलिया र अनुत्पादक हुन्छन् ।

बाँकी तेश्रो पृष्ठमा

# घट्दो मतदानको अर्को वर्ष : २०२२

**राजेश कोइराला**

विश्वका २४ मुलुकमा नेपालको भन्दा कम मतदान भएको छ। तर चुनावको विश्व थितिले नेपाललाई सिकाउने कला धेरै छन्।

सन् २०२२ मा नेपाललगायत विश्वका करिब पाँच दर्जन मुलुकमा आम-संसदीय निर्वाचन भए। नेपालको प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा अपेक्षाभन्दा कम, ६१ दशमलव ३५ प्रतिशत मतदान भयो। निर्वाचन आयोगले ७० प्रतिशत मत खस्ने अपेक्षा गरेको थियो। २०७४ सालमा भएका दुई चरणका आमनिर्वाचन (मंसिर १० र २१ गते) मा ६८ दशमलव ६७ प्रतिशतले मतदान गरेका थिए। वैशाख ३० को स्थानीय तह निर्वाचनमा ६५ दशमलव ०७ प्रतिशतले मतदान गरेका थिए। यी दुई निर्वाचनकै तुलनामा प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा कम मतदान भयो।

नेपालबाहिर निस्कौं, एकपटक। हेरौं एसियालाई मात्र। यहाँका करिब एक दर्जन मुलुकका मतदान प्रतिशत हेर्दा नेपाल तल्लो ४ मा परेको छ। तुर्कमेनिस्तानको ९७ प्रतिशत (एसियाली मुलुकको बढी) र कुबेतको ५० प्रतिशत (कम) लाई नेपालको पछिल्ला मतदान प्रतिशत दाँजेर हेर्दा उदार प्रजातन्त्र भएको नेपालले बढी अपेक्षा गर्नु स्वाभाविक हो। यसमा निराश नै हुनुपर्ने पनि त्यति देखिँदैन किनभने विश्वका २४ मुलुकमा नेपालको भन्दा कम मतदान भएको छ। संसारकै तथ्यांक हेर्दा सबभन्दा बढी ओसेनियाको नाउरुमा सेप्टेम्बर २४ को संसदीय निर्वाचनमा ९७ दशमलव ०९ प्रतिशत र सबभन्दा कम डिसेम्बर १७ मा ट्युनिसियाको संसदीय निर्वाचनमा ११ दशमलव २२ प्रतिशत मतदान भयो। यसो भनेर नेपालले हात बाँधेर बस्ने अवस्था पनि होइन।

दिगो र थितिको प्रजातन्त्रका लागि मतदानको प्रतिशतलाई मूल सूत्र नै मान्नुपर्छ। उक्त प्रतिशत सन्तोषजनक नरहेका निर्वाचन धेरै हुँदै आएका छन्। सन् २०२२ पनि यसबाट अछुतो रहन सकेन। निर्वाचन भएका दुई तिहाइ मुलुकमा मतदान घटेको पाइएको छ। करिब पाँच दर्जनमध्ये २७ मुलुकले मात्र ६० प्रतिशत मत कटाएका छन्। १२ मुलुक ५० प्रतिशतको सीमाभन्दा तल छन्।

सुरुमा अफ्रिका, जहाँका नौ मुलुकमा आम-संसदीय निर्वाचन भयो। लाजमर्दो मत खसेको ट्युनिसियापछि लेसोथोमा ३८ प्रतिशत र सेनेगलमा ४६ दशमलव ६ प्रतिशत मतदान भए। यी मुलुकको तुलनामा इक्वेटोरियल गिनीमा ९८ दशमलव ४ प्रतिशत, साओ टोम एन्ड प्रिन्सेपेमा ६५ दशमलव ६७ प्रतिशत र केन्यामा ६४ दशमलव ७७ प्रतिशत उच्च रहे। दुई वर्षअघिको केन्याको राष्ट्रपतीय निर्वाचनमा पनि यसपटक जति नै मतदान भएको थियो। यसपटक राम्रो अपेक्षा गरिएको थियो, त्यो भएन। महिला सहभागिता २१ प्रतिशत बढ्यो। चुनाव विश्वसनीय र शान्तिपूर्ण रह्यो। अनि केन्याको निर्वाचनमा जातीय मुद्दाका विषय कम उठे। उता लेसोथोमा खसेको ३८ प्रतिशतमाथि आन्तरिक बहस चलेको छ। धेरैले चुनावमा भाग लिन अस्वीकार गरेर लेसोथोको राजनीतिप्रति असन्तुष्टि व्यक्त गरेका छन्। चुनावमा संलग्न नभएकाहरू सत्ताविरोधी सुरमा थिए। यहाँ यसपटक सन् २०१७ को पछिल्लो चुनावमा मतदान गर्ने ४७ प्रतिशतभन्दा करिब १० प्रतिशत अंक मत खसेको हो।

नेपालमा यस पटकको चुनावमा पनि राजनीतिप्रति असन्तुष्टिले अप्रत्यक्ष चुनाव बहिष्कार भएको हो भन्ने देखिएकै हो।

अमेरिकी (उत्तर-दक्षिण) मुलुकका निर्वाचनमा ३१ दशमलव ६ प्रतिशतदेखि ७९ दशमलव २ प्रतिशतबीचमा रहे। ९ मुलुकका निर्वाचनमध्ये संयुक्त राज्य अमेरिकाको मध्यावधिमा ४७ प्रतिशत मतदान भयो र मध्यावधिमा धेरै आशाजनक मतदान अमेरिकाले देखेको छैन। सन् २०१८ को मध्यावधिले ४८ प्रतिशत मत पायो, जुन सन् १९७८ यताकै धेरै थियो। अमेरिकाबाहेक अरू उत्तर-दक्षिण अमेरिकी मुलुकमध्ये डोमिनिकामा ३१ दशमलव ६ प्रतिशत र ब्राजिलमा ७९ दशमलव २ प्रतिशत मतदान भयो।

यस क्षेत्रका निर्वाचनमा अक्टोबर ३० को दोस्रो चरणको निर्वाचनमा पराजय भोगेका जेर बोल्सोनारोले निर्वाचन परिणाम नमान्ने भएपछि ब्राजिल बढी चर्चित हुन पुग्यो। उनको यो लेग्रो पसाराई अमेरिकाका पूर्व-राष्ट्रपति डोनाल्ड ट्रम्पको जस्तै रह्यो। बोल्सोनारोले कोभिडकालमा राष्ट्रपति ट्रम्पकै शैलीमा कोभिड संक्रमणलाई अस्वीकार गरे। प्रजातान्त्रिक पद्धतिको इतिहासमा यी दुई महाशयलाई नमुना नै मानिनेछ। ब्राजिलले तानाशाहीबाट प्रजातान्त्रिक सरकारको यात्रा सफलतापूर्वक पार त गरेको छ, यसले अझै राम्रो पूर्ण-स्पष्ट र संस्थागत लोकतान्त्रिक पद्धतिको विकास गर्न सकेको छैन। नेपालले पनि पूर्ण-स्पष्ट र संस्थागत लोकतान्त्रिक पद्धतिको विकास नसकेकै त छ।

चुनावी चर्चामा एसिया फर्कंदा, तुर्कमेनिस्तानको ९७ प्रतिशतलाई त्यति भरपर्दो मान्न सकिन्न। यो मुलुक निर्देशित प्रजातन्त्रको सिकार भएको अनुभूत हुन्छ। अमेरिकी सहयोग संस्था, यूएसएआईडीले तुर्कमेनिस्तानको प्रजातन्त्रको टिप्पणीमा भनेको छ, 'तुर्कमेनिस्तान एक निरंकुश राज्य हो, जहाँ सुशासन र लोकतान्त्रिक सुधारको प्रवर्द्धनका लागि सीमित अवसरहरू छन्। जबकि तुर्कमेनिस्तान सरकारले अन्य देशहरूबाट उत्कृष्ट अभ्यास र मोडेलहरू अपनाउन दृढ चासो देखाएको छ, समग्र लोकतन्त्रीकरण प्रक्रिया सुस्त छ।'

स्याबासको पात्र फिलिपिन्स बनेको छ, जहाँको मे ९ को राष्ट्रपतीय निर्वाचनमा ८३ दशमलव २ प्रतिशत मतदान भएको छ। बहराइनमा ७३ प्रतिशत र पूर्वी टिमोरमा पहिलो चरणमा ७७ दशमलव २६ तथा दोस्रो चरणमा ७५

बाँकी तेश्रो पृष्ठमा

## घट्दो....

दशमलव १७ प्रतिशत मतदान भएको छ। यदि आफूलाई प्रजातन्त्रका लागि कान्छामै पर्छौं भनेर भन्ने हो भने नेपालले विश्वका कान्छा मुलुकमध्येको एक पूर्वी टिमोरबाट केही सिक्नुपर्छ। टिमोरले प्रतिस्पर्धात्मक चुनावहरू गर्दै आएको छ र शक्तिको शान्तिपूर्ण स्थानान्तरण भएको पनि छ, तर यसको लोकतान्त्रिक संस्थाहरू कमजोर छन्, र स्वतन्त्रताका लागि लडेका प्रमुख व्यक्तिबीचको विवाद राजनीतिक मुद्दामा अग्रस्थानमा आउँछ। नेपालको समस्या पनि यस्तै हो।

युरोप केही अपवादलाई छाडेर निर्वाचनका लागि नमुना महादेशका रूपमा चिनिन्छ। युरोपका करिब डेढ दर्जन मुलुकमा भएका आम-संसदीय निर्वाचनमध्ये सर्वोत्कृष्ट निर्वाचन हुने स्विडेनमा ८४ दशमलव २ प्रतिशत मत खसेको थियो। उता डेनमार्कले ८३ दशमलव ७ प्रतिशत मत खस्यो। फ्रान्समै बरु त्यति सन्तोषजनक मतदान भएन। त्यहाँको दुई चरणको संसदीय निर्वाचनमा करिब ५३ प्रतिशत मतदाताले मतदान गरिदिएनन्। उता दुई चरणकै राष्ट्रपतीय निर्वाचनमा भने करिब ७४ र ७२ प्रतिशत मत खस्यो। तर यी प्रतिशत अघिल्ला राष्ट्रपतीय निर्वाचनका तुलनामा घटेको हो। चेक रिपब्लिकको सिनेटको निर्वाचन कम रोचक भएन, जहाँको पहिलो चरणमा करिब ४२ प्रतिशत मतदान भएकोमा दोस्रोमा २० प्रतिशत पनि मत खसेन। बुल्गेरिया चेक रिपब्लिकभन्दा थोरै राम्रो रह्यो, जहाँ ३९ दशमलव ३ प्रतिशत मत खसेको थियो। चेक रिपब्लिकस्थिर प्रजातन्त्र बन्ने प्रयासमा धेरै चुकेको छ भने बुल्गेरियामा सत्ता परिवर्तन धेरै हुने गरेको छ। ५० देखि ६० प्रतिशत मतदान हुने देश पनि यहाँ देखिए। ओसेनियातर्फ संसारकै सबैभन्दा बढी ओसेनियाको नाउरुमा सेप्टेम्बर २४ को संसीदय निर्वाचनमा ९७ दशमलव ०९ प्रतिशत खसेको थियो भने यस क्षेत्रका पाँच निर्वाचनमा सबभन्दा कम भानुअटुमा ४४ दशमलव १६ प्रतिशत मत खसेको थियो। अस्ट्रेलियामा तीन निर्वाचन भए, सन् २०२२ मा। सबैमा ८८ प्रतिशतभन्दा बढी मत खसेको छ। अस्ट्रेलियामा मतदान नगर्नेलाई जरिवाना गरिन्छ। यसका लागि २० डलर तोकिएको छ, यो तिर्न नसके बढेर २ सय २२ हुन्छ। अस्ट्रेलिया अब्बल मुलुकमै रहे पनि जरिवाना लगाउँदालगाउँदै पनि यहाँको प्रजातन्त्रले किन बाटो बिराउँदैछ भन्ने प्रश्न पटकपटक गरिन्छ।

मतदान बढाउन महिला उम्मेद्वारी र सहभागिता सधैं उल्लेख्य हुन्छ। यसलाई सन्दर्भ मान्ने हो भने सन् २०२२ ले दुई महिला प्रधानमन्त्री र पाँच महिला राष्ट्रपति पायो। मतदातालाई निर्वाचन केन्द्रसम्म लैजान चुनावी मुद्दा, नेपालजस्तो मुलुकमा निर्वाचन शिक्षामा लगानी, एकै वर्षकै अवधिमा हुने चुनावमा जान जाँगर आदि महत्त्वपूर्ण हुन्छ। मतदातालाई बल गरेर हुँदैन भन्ने पनि छ। उमेर, लिंग, शिक्षा, सामाजिक-आर्थिक स्थिति र जातिले व्यक्तिले मत खसाल्ने जाँगरमा असर गर्न सक्छ। विश्वका केही मुलुकजस्तै हामी त जातिका कुरा पनि गर्छौं बेलाबखत। जातका कुरा नगर्ने मुलुकका आफ्ना समस्या छन नै, जस्तो: मतदान परिचयपत्र (नागरिकता वा अन्य सरकारका तर्फबाट जारी परिचयपत्र हुँदाहुँदै किन चाहियो ?),

मतदान केन्द्र टाढा हुनु, मतदानका दिन सार्वजनिक बिदा नहुनु, निजी कम्पनीले बिदा नदिनु, अशान्त देशमा सुरक्षाको बन्दोबस्त।

धेरैजसो लोकतान्त्रिक सरकारहरूले राष्ट्रिय चुनावमा भाग लिनुलाई नागरिकको अधिकार ठान्छन्। नागरिकले यसलाई दायित्व ठान्ने बनाउन धेरै कसरत हुनुपर्छ। केही देशहरूमा, जहाँ मतदानलाई कर्तव्य मानिन्छ, चुनावमा मतदान अनिवार्य गरिएको छ र राष्ट्रिय संविधान तथा निर्वाचन कानुनमा यसलाई नियमन गरिएको छ। केही देशहरूले गैर-मतदाताहरूलाई प्रतिबन्ध लगाउनसम्म गरेका छन्। अनिवार्य मतदान कुनै नयाँ अवधारणा होइन। अनिवार्य मतदान कानुन लागू गर्ने पहिला देशहरूमध्ये बेल्जियम सन् १८९२ मा, अर्जेन्टिना १९१४ र अस्ट्रेलिया १९२४ हुन्। भेनेजुयला र नेदरल्यान्डजस्ता देश उदाहरण हुन्, जसले आफ्नो इतिहासमा एकपटक अनिवार्य मतदान गर्ने अभ्यास गरे तर पछि हटाए पनि। अनिवार्य मतदान अझै १६ जति मुलुकमा पूर्ण रूपमा कायम छ।

चुनावको विश्व थितिले नेपाललाई सिकाउने कला धेरै छन्। २०१५ सालको पहिलो निर्वाचन (४२ दशमलव १९ प्रतिशत मतदान) भन्दा बढी मात्र खसेको मतदानका कारण थोरै भए पनि झस्केको निर्वाचन आयोगलाई बिजुली चम्कँदा नतर्सने कलाको पाठ पो भने कसले लेखिदेला भन्ने यसै रह्यो। के निर्वाचन शिक्षामा खर्च बढाउनु पर्ने हो ? निर्वाचन अनिवार्य गर्नुपर्ने हो ? (नभए जरिवाना), निर्वाचन केन्द्रहरू थप्नुपर्ने हो ? के राजनीतिक दलहरू निर्वाचन शिक्षाका लागि जिम्मेवार छन् ? महिला तथा युवा सहभागिता बढाउनुपर्ने हो ? विद्यालयका पाठ्यपुस्तकमा प्रजातन्त्र र निर्वाचनका पाठहरू थप्नुपर्ने हो ? निर्वाचन केन्द्रमा सुरक्षा बढाउनुपर्ने हो ?

वृद्धवृद्धा तथा अपांगमैत्री निर्वाचन स्थलको सोच खोइ त ? निर्वाचन आयोगलाई यस्तै हुटहुटी पक्कै हुनुपर्छ।

कोइराला अमेरिकामा अक्षरिकाको सम्पादन गर्छन्। **साभार अन्नपूर्णपोष्ट्**

## भइनसकेका.....

थियो' त भन्नेछैनन् नै । कति देशमा स्थानीय सरकारले सकेन भनेर अधिकार फिर्ता लिइएका कुरा पनि विद्वान् कर्मचारीले सुनाउनेछन् । गाउँ वा नगर पालिकाका महासङ्घहरू भेट्न उनलाई धेरैले सल्लाह दिनेछैनन् ।

जुनसुकै दलका वा दलविहीन मन्त्रीले त पक्कै भन्ने भइहाले– शिक्षामा राजनीतीकरण गर्नु हुन्न । आफ्नो दलवरपरका कमरेडहरूसँग सघन परामर्शचाहिँ जारी रहनेछ । सकेसम्म अर्को पार्टीसँग उनले शिक्षाका विषयमा अनौपचारिक कुरा गर्नेछैनन् । किनभने शिक्षामा राजनीतीकरण गर्न हुन्न । यसबारे सकेसम्म कतै कुरा गरिनेछैन । अन्तरमन्त्रालय संवाद गर्लान् भनेर त कसरी अपेक्षा गर्ने र ?

उच्च शिक्षा सम्भवतः सबैभन्दा पछि ध्यानमा आउने विषय हो । यसको मुख्य आकर्षण नै दलीय बुद्धिजीवीका अवसरहरू हुन् । त्यहाँ आंगिक क्याम्पसहरूलाई स्वायत्त बनाउने कुरा आउनेछैन । उच्च शिक्षा पूर्ण निजीकरण गर्न ढिला भइसकेको कुरा पनि उठ्नेछैन । निजी तहमा उच्च शिक्षा संस्थान खोल्ने वा त्रिविलाई क्षेत्रीय तहका विभिन्न विश्वविद्यालयमा रूपान्तरण गर्नेजस्ता प्रस्ताव आउनेछैनन् नै । उच्च शिक्षामा विद्यमान भुत्तेपनको पनि कुरा हुनेछैन । प्राज्ञिक स्वतन्त्रताको कुरा केही नगरेरै पचाइनेछ ।

मन्त्रीलाई धेरैले सरकारले बजेट बढाउनुपर्ने कुरा गर्नेछन् । छुट्याइएको बजेट नै खर्च गर्न नसकिएको भन्ने त कसले होला र ? हाम्रो पद्धति कता हो कता अदक्ष छ र यसमा कसैले जिम्मेवारी लिँदैन भनेर दाताले पनि भन्ने छैनन् । बजेट बढाउनुपर्छ भनेर माग गर्ने, मन्त्री बढाउन नसक्ने हुन्छ, अनि मन्त्रीका मुखमा सधैं बुजो लाग्छ ।

वामपन्थी दलद्वयले आफ्नो अघिल्लो मधुमासमा गरेको शिक्षा आयोगको गठन र त्यसको प्रतिवेदनउपर छलफल नगर्ने रणनीति नै लेलान् । अर्को आयोग गठन गर्ने पनि प्रस्ताव आउन सक्छ । शिक्षाका क्षेत्रमा एउटा बहुपक्षीय र बहुमान्य आयोग वा एकाइ बनाएर शिक्षाको मार्गचित्र तयार गर्नुपर्ने नै छ । स्वतन्त्र शिक्षावालाहरूले अहिलेको स्थिति आकलन गरी शिक्षाको सर्वपक्षीय गोलमेच गरे हुन्छ कि ?

सङ्ख्या र नेतृत्वको प्रभावका हिसाबले अहिलेको सरकारनिर्माता दल एमाले र सरकारको नेतृत्वको दाउ लागेको माओवादी यस मामिलामा यथास्थितिवादी नै छन् । शिक्षा कुन दलको भागमा पर्छ, त्यो चासोको विषय रहे पनि यी दुईको अडान नै निर्णायक होला । जनताले रूपान्तरणकारी हुन सक्छन् भनेर मत दिएका दलहरूका उम्मेदवार र स्वतन्त्रहरूलाई भूमिका खेल्ने ठूलो अवसर भने छ । आफ्नो अवस्थाको रणनीतिक प्रयोग गरी तिनले शिक्षालाई राजनीतिक मुद्दा बनाउन पहल गरे भने देश र जनतालाई ठूलै गुन लाग्नेछ ।

शिक्षाका क्षेत्रमा आफ्नो घोषणापत्रमा तुलनात्मक रूपमा अलि धेरै ठाउँ दिएको नेपाली कांग्रेसले यो सवालमा सत्ताघटक दलहरूसँग सहकार्य गर्न सक्छ ।

दुई वामपन्थी दलले आफ्ना सांसदहरूलाई यस विषयमा छलफल र मत जाहेर गर्न दलको कोर्रा याने ह्वीप नलगाए पनि जनतालाई अर्को गुन लाग्नेछ । यसका लागि सम्बन्धित मन्त्री र दलले जनदबाब एकत्रित गर्न सडकमा ओर्लनेसम्मको साहस भने राख्नुपर्छ ।

कान चिरिएका जोगीहरू बेहोर्दै आएकाले यो आत्मालाप यस्तै भयो । तैपनि आशाको त्यान्द्रो कतै देखिन्छ । मनमा लागिरहन्छ, यो समयमा त कोही 'सुपर ह्युमन' निस्केला जसले शिक्षाका बेथितिलाई सम्हाल्ने जोखिम उठाउँछ । शिक्षाको दूरगामी रूपान्तरण सोच्ने कोही शिक्षामन्त्री कहिल्यै देखा नपर्ला त ?सभार इकान्तिपुर

## हिमालको...

जति स्याहार गरे पनि खेर जाने भएकाले होला, स्थानीय तिब्बती धर्मले यीबीच प्रजनन वर्जित गरेको छ । याक-नाक र उराङहरूबीच प्रजनन गराए कुलदेवता 'यु ल्हा' र 'लु' रिसाउने मान्यता छ । यही मान्यताले पनि हिमालको उत्तरी पाखोका बासिन्दालाई दक्षिणी पाखोमा नआई सुखै छैन । यताका बासिन्दाले पनि चौंरी जन्माईवरी नपठाई धरै छैन ।

त्यो बाध्यता भने पर्यावरणले सृजना गरेको हो । याक र नाक समुद्री सतहभन्दा ३,००० मिटर तल आउन सक्दैनन् । आइहाले कम उचाइ र गर्मीका कारण छिट्टै मर्छन् । यता हिमालको दक्षिणी पाखोमा चर्ने गाई ( पामु) समुद्री सतहबाट ४,००० मिटरको उचाइमा पुग्न सक्दैनन् । कसैगरी यताका गाईलाई तिब्बततिर लगेर याकसँग समागम गराए पनि उचाइ र चिसोका कारण गर्भ नै बस्दैन । त्यसैले लाङ, उराङ र उराङमा जन्माउने फलाङ पैदा गर्न याक र नाकलाई दक्षिणी पाखोमा ल्याउनैपर्छ । हिमालका दुइटा भिन्दाभिन्दै पाखामा फरकफरक उचाइमा चर्ने यी गाई-गोरु यसरी इतिहासदेखि मानिसको मित्रताको पुल बनिआएका छन् ।

यो मित्रताको साक्षीचाहिँ धार्मिक परम्परा छन् । चौंरीको पुच्छर चँवर हिमालको उत्तरी पाखोबाट फैलिएर दक्षिण भारतसम्म पुगेको छ । राजा-महाराजालाई हम्कनेदेखि पूजापाठसम्ममा चँवरको उल्लेखनीय स्थान छ । भक्तपुरमा नाचिने नवदुर्गा नाचमा सबै देवीदेवताको कपालका रूपमा चँवर नै प्रयोग गरिएको हुन्छ । पशुपतिनाथदेखि दक्षिण भारतका मुख्यमुख्य मन्दिरको पूजासम्ममा चँवर नै चाहिन्छ । विभिन्न अध्ययनले तिब्बतीहरूले थाङ वंशका चिनियाँ

सम्राट्लाई उपहारका रूपमा चौंरी नै पठाउने गरेको पुष्टि गरेका छन् । केही परम्परा इतिहास भए, केही अझै जीवित छन् तर हिमाली जनजीवनमा चौंरीको उपस्थिति भने आज पनि उत्तिकै महत्त्वपूर्ण छ ।

चौंरी र हिमाली जीवन

यातायातको असुविधा भएको हिमाली भेगमा आज पनि सामान ओसारपसार गर्ने मुख्य साधन चौंरी नै हुन् । दूध, चीज र छुर्पीजस्ता दुग्ध उत्पादनका लागि पनि चौंरीको आवश्यकता हुन्छ । तर यतिमै यिनको उपयोगिता सकिँदैन ।

यी जोप्क्योबिना उच्च हिमाली भेगमा गोठ सारी बस्नेहरूको जीवन नै ठप्प हुन्छ । चौंरी चराउनेहरू बर्खायाममा पाँच-छ महीना उच्च हिमाली भेगमा गोठै सारेर बस्छन् । समुद्री सतहबाट ४,००० मिटरभन्दा माथि दाउरा निकै महँगो हुन्छ किनभने ३,००० मिटरमाथि सामान्यतः ठूला रूख हुँदैनन् । दाउराको जोहो गर्न गोठालाहरू ३,००० मिटरसम्म ओर्लिनुपर्छ । त्यसरी तलमाथि गर्दा भारी बोक्न यी जोप्क्योबाहेक के नै छ र ?

अति कष्टसाथ जोहो गर्नुपर्ने भएकाले उच्च हिमाली भेगमा दाउराको निकै महत्त्व हुन्छ । आँगनमा प्रशस्त दाउरा हुनु सम्पन्नताको प्रतीक बन्छ । दाउराको विकल्पमा खाना पकाउन चौंरीको गोबरका गुइँठाको प्रयोग गरिन्छ । चौंरीकै गोबर हिमाली भेगमा आलु, सिमी र फापरका लागि प्राङ्गारिक मल हो । यही गोबरले ढुङ्गा र ग्रेगर मिसिएको हिमाली माटोलाई मलिलो बनाइदिएको छ । चौंरीको रौंबाट ऊन बनाई, त्यसलाई घुर्रामा घुमाई, काठको सानो तानमा बुनेर चारा तयार पारिन्छ । त्यो चाराको न्यानो लुगा त बन्छ नै, विभिन्न धार्मिक कार्यमा प्रयोग पनि गरिन्छ । त्यस्तै, विभिन्न कारणले मरेका चौंरीको छालालाई जुत्ता बनाउन र सिङलाई बाजा बनाउन उपयोग गरिन्छ ।

यसरी चौंरीले जिउँदै र मरेपछि पनि हिमाली जीवनलाई सहज बनाइदिएका छन् । यी चौंरीको अर्थ-सामाजिक सम्बन्ध पनि उत्तिकै बलियो छ ।

हिमाली भेगको मूलतः शेर्पा जातिको प्रमुख पेसामा पर्छ चौंरीपालन । चरनको अभाव हुने भएकाले उनीहरू वर्षैभरि एकै ठाउँमा बसेर चौंरी पाल्दैनन् । ग्रीष्म ऋतु सुरु भएपछि हिउँ पग्लिन थाल्छ । यही मौका छोपेर उनीहरू बिस्तारै कम उचाइबाट उपल्लो भेगतिर लाग्छन् । उच्च हिमाली घाँसे मैदान पुग्न दुई-तीन हप्ता लगाउँछन् । जेठभरिमा उनीहरू हिमाली खर्कमा पुगिसक्छन् । त्यति बेला हिमाली खर्कहरू फूलैफूलले ढकमक्क ढाकिएका हुन्छन् । त्यहाँको पोसिलो घाँस र जडीबुटी खाएर चौंरीहरू हृष्टपुष्ट हुन्छन् । असोज अन्तिमसम्म त्यहाँ बस्दा चौंरीहरू नेपालको सिमानाभित्र मात्रै चर्दैनन् । तिनलाई मानिसले कोरेको राजनीतिक सिमानाको के मतलब ? पर्यावरणीय सिमाना नाघेरै उनीहरू जन्मिएका हुन् । तर गोठालाहरूले भने तिब्बती भूमि प्रयोग गरेबापत वार्षिक कर तिर्छन् । करका रुपमा नौनी, घिउ वा चौंरी नै दिन्छन् ।

चौंरी अर्थोपार्जनको गतिलो माध्यम पनि हुन् । अधिकांश चौंरीपालकले आफ्नो पशु झुन्डमा एउटा याक, एक-दुई नाक, केही जोप्क्यो र धेरै जोम राखेका हुन्छन् । नाक र जोम (डिम्जोमो) दूधका निम्ति पालिन्छन् भने जोप्क्यो भारी बोकाउन । लाङ, याक र नाकचाहिँ अन्तरप्रजननका लागि । याक र नाकको प्रयोग गरी जन्माइएका जोप्क्यो र जोम सानो छँदै तिब्बततिर राम्रै मूल्यमा बेच्ने गरिन्छ । कोभिडअघि जोक्प्यो ८०,००० देखि १ लाख रुपैयाँसम्म र बाच्छी जोम ८०,००० रुपैयाँसम्म बिक्ने गरेको लप्चीका बासिन्दा बताउँछन् । जोप्क्यो र जोमको तिब्बत-व्यापारबाट एउटा परिवारले वार्षिक ४-५ लाखसम्म आम्दानी गर्ने गरेको उनीहरू बताउँछन् । यताका चौंरीपालकहरू पनि केही वर्षको अन्तरालमा उच्च नस्लका याक र नाक तिब्बतबाट किन्छन् ।

अहिले तिब्बतमा मोटरबाटो र ट्याक्टर पुगेको छ । त्यसले चौंरीको हिजोको उपयोगिता घटाएको छ तर प्रयोजन सकिएको छैन । दूध र मासुका लागि चौंरीको निर्यात बढेको अनुभव छ लप्चीवासीको । तर तीन वर्ष भइसक्यो, मानिसले बन्द गरेको नाकाले वर्षौंदेखिको परम्परागत आवागमन नै कमजोर बनाइदिएको छ ।

जीवशास्त्री कोजु हिमाली पर्यावरणका विभिन्न पक्षको अनुसन्धानमा संलग्न छन् ।सभार इकान्तिपुर

## मन्त्रिपरिषद.....

राज्यमन्त्री बनेका छन् ।

राष्ट्रिय स्वतन्त्र पार्टीबाट डोलप्रसाद अर्याललाई श्रम र शिशिर खनाललाई शिक्षा मन्त्री नियुक्त भएका छन् । यस्तै तोसिमा कार्की स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्रीमा बनेकी छिन् । रास्वपा अध्यक्ष रवि लामिछाने यसअघि नै उपप्रधानमन्त्री तथा गृहमन्त्री भएका थिए ।

## अपराधका......

**संशोधित नियमावली अनुसार मिनी क्यासिनो सञ्चालनका लागि ४ तारे होटल हुनुपर्ने अनिवार्य हुन्छ भने १५ करोड रुपैयाँ चुक्ता पूँजी हुनपर्ने हुन्छ नियमावलीमा स्पष्ट रुपमा उल्लेख गरिएको छ । सोही नियम अनुसार २६ माघ, २०७८ मा पर्यटन मन्त्रालयको मन्त्रीस्तरीय निर्णयबाट पर्यटन विभागले नेपालगंजस्थित ड्रिमल्याण्ड होटलमा संचालित ह्याप्पी आवर प्राईभेट लिमिटेड अन्तर्गतको क्यासिनो र उक्त होटल बन्द गर्न पत्राचार पनि गरेको थियो । पर्यटन मन्त्री प्रेम बहादुरले आलेले रोयाल्टी लगायतको दस्तुर नबुझाउने क्यासिनो कम्पनीलाई बन्द गर्ने निर्णय गरेपछि ह्याप्पी आवर प्रालि बन्द हुन पुगेको थियो । तर, वीरगञ्जका होटल सुरज र होटल भिषवा चार तारे होटल नभए पनि दुबै होटलमा पहुँचको भरमा मिनी क्यासिनो संचालित छन् । स्तर वर्गीकरण नभएको होटलमा क्यासिनो संचालन गर्न पाईंदैन । तर, पर्यटन विभागले यसको साथै एउटा कम्पनीले एउटा क्यासिनो मात्र संचालन गर्नुपर्ने प्रावधान छ । तर, रक इन्टरनेशनल प्रा.लि र सेन्ट्रल मिडिया ग्रुप प्रा.लि ( सिएमजी) ले नियमलाई लत्याउँदै चार / चार स्थानमा क्यासिनो संचालन गर्दै आएको छ । जबकी यी क्यासिनोहरुले राजश्व समेत बुझाएका छैनन् । ०६६ सालमा दर्ता भएको रक इन्टरनेशनलले धनगढीको होटल साथी, वीरगञ्जको होटल सूरज, भैरहवाको होटल बोधी रेडसन र काँकडभिट्टाको होटल रियाजमा क्यासिनो संचालन गर्दै आएको छ । यो क्यासिनो कम्पनी किशोर सिलवाल र सिलवालकी श्रीमती उषा सिलवाल थापाको हो । त्यस्तै ०६५ सालमा दर्ता भएको सिएमजीले महेन्द्रनगरको होटल ओपेरा, रुपन्देहीको होटल ड्रिमल्याण्ड, वीरगञ्जको होटल भिषवा र विराटनगरको होटल रत्नमा क्यासिनो संचालन गर्दै आएको छ । यो क्यासिनो कम्पनी पूर्व सांसद नरेन्द्र शाह कलवारको रहेको बुझिएको छ ।**

## खेसारीलाल...

टिकट शुल्कको विषयमा विवाद हुँदा सामान्य झडप भएको हो ।

सुनसरीका प्रहरी उपरीक्षक प्रभु ढकालले महोत्सवमा टिकटको विषयमा सामान्य विवाद भएको बताए । टिकटको विषयमा विवाद गर्न खोजेपछि एक जनालाई नियन्त्रणमा लिएको उनले बताए ।

भिडलाई नियन्त्रणमा लिने क्रममा तीन जना प्रहरी र कार्यक्रमस्थल पुगेका २ जना सामान्य घाइते भएको उनले बताए ।

यादव सहभागी कार्यक्रममा २५ हजार भन्दा बढी दर्शक पुगेका थिए । 'कार्यक्रममा २५-२६ हजार दर्शक सहभागी थिए,' ढकालले भने, 'कार्यक्रम सकेर कलाकारलाई गन्तब्यमा पठाएर हामी फर्कियौं ।'

गत वर्ष पनि झडप भएका कारण कार्यक्रमको सुरक्षाका लागि यसपालि प्रहरीले सतर्कता अपनाएको थियो ।

## मधेस ......

नेपाल संघीय समाजवादी पार्टीका १, राप्रपाका १ र ५ जना स्वतन्त्र प्रदेशसभा सदस्यले मतदान गरेका हुन् ।यसअघि कांग्रेसको समर्थन प्राप्त गर्दै उपसभामुखमा उम्मेदवारी दिएकी नेकपा (एकीकृत समाजवादी) पार्टीकी प्रदेशसभा सदस्य बेची लुंगेलीलाई प्रदेशसभा सदस्य रतनेश्वर गोईत यादवले निर्वाचित गरियोस् भन्ने पेश गरेको प्रस्ताव बहुमतले अस्वीकृत भएको थियो ।यसअघि मंगलबार दिउँसो बसेको प्रदेशसभाको बैठकले सभामुखमा नेकपा एमालेका रामचन्द्र मण्डललाई निर्वाचित गरेको थियो ।

## अटेरी.....

गौशाला र भङ्गाहा नगरपालिका) का प्रतिनिधि भने जिल्ला समन्वय समितिले गरेको असहयोगको गुनासो जायज नरहेको बताउँछन् । हामी कानुन विपरीत क्रसर सञ्चालन हुन नदिन दृढछौं, हुन दिएका पनि छैनौं, बर्दिबासका नगरप्रमुख प्रह्लाद क्षत्री भन्नुहुन्छ,तर अनुगमनमा हामीलाई सामेल गरे हुन्थ्यो नि ! उद्योग स्थापनाको स्वीकृति, नवीकरण त सरकारी निकायबाटै भएका छन् । ती निकायबीच समन्वय नहुँदा कतिपय भ्रम बढेको छ ।

गौशालाका नगरप्रमुख डा दीपेन्द्र महतो र भङ्गाहाका सञ्जीवकुमार साहले पनि आफ्नो क्षेत्रमा बिना इजाजत यस्ता उद्योग सञ्चालनमा नरहेका स्पष्ट पार्नुभएको छ । हामी निरन्तर निगरानी गरिरहेका छौं, यो चालु आर्थिक वर्षमा कतै उत्खनन भएकै छैन, गौशालाका नगरप्रमुख डा. महतो भन्नुहुन्छ, कतै कानुन विपरीत भेटिए हामी तत्काल बन्द गराउँछौं ।

नगर प्रमुखहरूले अहिले उत्खनन रोकिएको बताए पनि तीन वटै नगरका मुख्य नदी बाँके, मरहा, जङ्गा, भब्सी र रातु नदी एवम् नदी उकास क्षेत्रमा अझै राति राति ठूलाठूला यान्त्रिक उपकरणले उत्खनन गरेर रातारात नदीजन्य पदार्थ बाहिरिने गरेको सर्वसाधारणको गुनासो छ ।

यसैबीच समितिका प्रमुख कर्णले वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन, उत्खनन इजाजतपत्र, नवीकरण, सामग्री मौज्दात विवरण र निकासी विवरण सफा हुनसके अवैध उत्खनन नियन्त्रण हुने विश्वास लिनुभएको छ । पछिल्लो पटक सङ्घीय सरकारको गृह मन्त्रालयले अवैध यस्ता उद्योग तत्काल बन्द गर्न सबै जिल्ला प्रशासन कार्यालयलाई परिपत्र गरेको छ ।रासस

# बालुवाटार बैठकमा कांग्रेस र एमालेबीच चर्काचर्की



काठमाडौं । प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' ले आह्वान गरेको सर्वदलीय बैठकमा नेकपा एमाले र नेपाली कांग्रेसबीच चर्काचर्की परेको छ । विश्वासको मत दिने दलहरुको बैठकको सुरुमा प्रधानमन्त्री प्रचण्डले आफू सबैलाई मिलाएर जाने सोचमा रहेको बताए ।

'हामी बढो गाह्रो परिस्थितिमा छौं । चुनावताको गठबन्धन काम हुन सकेन । २०७४ को एउटा राजनीति परिस्थिति थियो भने ०७९मा अर्कै परिस्थिति छ,' उनले भने, '७४ मा सबै भोट एमाले को थिएन । एमाले र माओवादीको भोट थियो । अहिले सबै भोट कांग्रेसको छैन । माओवादीको पनि छ । एकीकृत समाजवादीको पनि छ । सबै मिलेर जाँदा राम्रो हुन्छ भन्ने मेरो बुझाइ छ ।'

त्यसपछि कांग्रेस नेता रामचन्द्र पौडेलले राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखको निर्वाचनमा मिलेर जानुपर्ने धारणा राखे । उनले भने, 'राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख तटस्थ पद हो । यसमा सत्ता र प्रतिपक्षी सबै मिलेर जानुपर्छ । संविधान र अर्थतन्त्र जोगाउन सबै मिलेर जानुको विकल्प छैन ।'

पौडेललाई बिचैमा रोकेर एमाले अध्यक्ष केपी शर्मा ओली प्रतिवादमा उत्रिए । उनले भने, 'राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुख पुस १० गते नै टुंगिसकेको छ । राष्ट्रपति र सभामुख एमालेले लिनेछ । उपराष्ट्रपति माओवादी र उपसभामुख राष्ट्रिय स्वतन्त्र पार्टीले लिने सहमति भएको छ । यसमा चर्चा गर्नु बेकार छ ।'

यस्तै ओलीले कांग्रेसले गर्न खोजेको संसदीय अभ्यासमाथि पनि प्रश्न उठाए । 'यो कस्तो अभ्यास गर्न खोजेको हो ? संसदमा प्रतिपक्ष नै छैन । प्रमुख प्रतिपक्षले सरकारलाई विश्वासको मत दिसकेको छ । कांग्रेस त प्रतिपक्षी दल नै होइन,' ओलीले भने ।

ओलीको अभिव्यक्तिलाई कांग्रेस संसदीय दलका मुख्य सचेतक रमेश लेखकले खण्डन गरे । 'राष्ट्रपतिलाई बुझाएको पत्रमा हाम्रो हस्ताक्षर छैन । त्यसैले हामी प्रतिपक्ष नै हौं । हामीले खेलिरहेका छैनौं बरु राष्ट्रिय सहमतिको पक्षमा छौं । संविधान बचाउन र मुलुकको आवश्यकताअनुसार विश्वासको मत दिएका हौं,' ओलीलाई लेखकको जवाफ थियो ।

आफूहरु प्रमुख प्रतिपक्षी दलको हैसियतमा बैठकमा उपस्थित भएका लेखकको भनाइ छ । 'हामीले प्रमुख प्रतिपक्षी दल नेपाली कांग्रेस रहेको र कांग्रेस सभापति शेरबहादुर देउवा प्रमुख प्रतिपक्षी दलको नेता रहेको कुरा राख्यौं' लेखकले भने । त्यसपछि ओली बैठकबाट बाहिरिए । तर एमाले वरिष्ठ नेता ईश्वर पोखरेल र महासचिव शंकर पोखरेल भने बैठकमै सहभागी थिए । त्यसपछि एकीकृत समाजवादीका अध्यक्ष माधव नेपालले बैठकमा जतना समाजवादी पार्टी नेपालको खोजी गरेका थिए ।

बैठकमा नेपालले भने, 'तपाईंहरुको हालत यही देखिसकेको छ । सरकारलाई समर्थन गरेका उपेन्द्रजी हुनुहुन्न, उहाँ किन आउनु भएको होइन ?' जवाफमा प्रचण्डले आफूहरुले जसपालाई मधेस मुख्यमन्त्री, अन्य प्रदेशमा मन्त्री र संघमा दुई मन्त्री दिँदा पनि असन्तुष्ट भएको बताए । प्रधानमन्त्रीलाई विश्वासको मत दिएको लोसपा र जसपाले सर्वदलीय बैठक बहिस्कार गरेका थिए । यस्तै राष्ट्रिय स्वतन्त्र पार्टीका अध्यक्ष तथा गृहमन्त्री रवि लामिछानेले कांग्रेसलाई प्रतिपक्षी भूमिका बस्न सुझाएका थिए ।

उनले भने, 'मुलुकको लोकतान्त्रिक आन्दोलनमा कांग्रेसका योगदानका हामी सम्मान गर्छौं । कांग्रेसबाट रचनात्मक प्रतिपक्षी भूमिकाको अपेक्षा गर्छौं ।' राष्ट्रपति, उपराष्ट्रपति, सभामुख र उपसभामुखबारे सत्ता साझेदार दलबीच हुने सहमति अनुसार रास्वपा अगाडि बढ्ने लामिछानेको भनाइ थियो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष राजेन्द्र लिङ्देनले बैठकमा धेरै कुरा गरेनन् । उनले भने, 'हामी सरकारमा छौं । गठबन्धनको निर्णय अनुसार अगाडि बढ्छौं ।' यस्तै नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईले बैठकमा वर्तमान सत्ता गठबन्धनले पाँच वर्ष चल्नुपर्ने तर्क गरेका थिए ।

उनले भने, 'शान्ति प्रक्रिया लगायत थुप्रै काम बाँकी छन् । संघीयता कार्यान्वयनमा चुनौती छन् । सिमाना विवादहरु पनि छन् । लिपुलेक र लिम्पियाधुराका विषय बाँकी छन् । त्यसैले सहमतिमा जानुपर्छ ।' जनमत पार्टीका प्रवक्ता तथा खानेपानीमन्त्री अब्दुल खानले सत्ता गठबन्धनमा भएको सहमति पालना नभएकोप्रति असन्तुष्टि पोखेका छन् । 'गठबन्धनमा हामीले आफूलाई मागेको मन्त्रालय दिइएन । हामीले उद्योग मन्त्रालय मागेका थियौं । तर, भागबन्डामा खानेपानी दिइयो,' उनले भने , 'त्यसैले हामी शपथमा सहभागी भएनौं । त्यस विषयमा पुनर्विचार गर्नुपर्छ ।'

बैठकमा सहभागी स्वतन्त्र सांसद अमरेशकुमार सिंहले प्रधानमन्त्रीले वर्तमान संविधान नमान्नेलाई नै उपप्रधानमन्त्री बनाएकोमा आपत्ति जनाए । संविधान तलमाथि परे त्यसको जिम्मेवारी प्रधानमन्त्री प्रचण्डले लिनुपर्ने सिंहको टिप्पणी थियो । उनले भने, 'तपाईंको नेतृत्वमा जनयुद्ध भएको थियो । त्यसैको बलमा यो व्यवस्था आएको थियो । तपाईंकै नेतृत्वमा यो संविधान र यो व्यवस्था जाने भयो ।' कांग्रेस र एमालेलाई सँगै राखेर अगाडि बढ्ने कुरा घातक हुने सिंहले प्रधानमन्त्री प्रचण्डलाई सुझाएका थिए ।

'सभामुखमा कसैको आँखा गएको छैन । राष्ट्रपतिको निर्वाचनसम्म मुलुकमा दुर्घटना हुन्छ,' उनले भने, 'तपाईले एमाले र कांग्रेससँगको कित्ता क्लियर गर्नै पर्छ ।' यस्तै उनले जनयुद्धलाई लिएर दौरासुरुवालमा लिएर विसर्जन गरेको आरोप लगाए । एउटा गणतन्त्र बान्ने र एउटा गणतन्त्र बास्नेसँगै कसरी हुन्छ ? यो सरकारको जिम्मा के हो ?,' उनको प्रश्न थियो, 'सरकार अग्रगमनको प्रतिक हो कि प्रतिगमनको ? मत भन्छु यो प्रतिगामीको प्रतिक हो । यो सरकार समावेशी पनि नैन ।

सिंहले चेतावनी दिएपछि प्रचण्डले बैठकबाहिर आएर उनीसँग गुनासो पोखेका थिए । प्रधानमन्त्री प्रचण्डले सिंहलाई 'तपाईंको कुरा मैले बुझेको छु । तपाईंले मेरो बारेमा बैठकमा त्यस्तो कुरा नगर्दिनुभए हुन्थ्यो ,' भनेका थिए ।

बैठकमा प्रधानमन्त्री प्रचण्ड, नेपाली कांग्रेसबाट सभापति शेरबहादुर देउवा, उपसभापति पूर्णबहादुर खड्का, रामचन्द्र पौडेल, रमेश लेखक, नेकपा एमालेबाट अध्यक्ष केपी शर्मा ओली, ईश्वर पोखरेल र शंकर पोखरेल, एकीकृत समाजवादीबाट माधव नेपाल, नेपाल समाजवादी पार्टीका बाबुराम भट्टराई, राष्ट्रिय स्वतन्त्र पार्टीबाट सभापति रबि लामिछाने, नागरिक उन्मुक्ति पार्टीकी अध्यक्ष रञ्जिता श्रेष्ठ, जनमत पार्टीबाट अब्दुल खान, स्वतन्त्र सांसद अमरेशकुमार सिंह लगायत उपस्थित थिए ।

# भ्रष्टाचार मुद्दा विचाराधीन ठेकेदार पाण्डेलाई स्वार्थ बाझिने गरी शहरी मन्त्रालय किन ?



काठमाडौं ३ माघ । विचाराधीन भ्रष्टाचार मुद्दाका आरोपित राप्रपाका उपाध्यक्ष विक्रम पाण्डेलाई शहरी विकास मन्त्रालय दिएर अर्को एउटा स्वार्थ बाझिने मन्त्री थपिएका छन् ।

यस अघि पुस ११ गते मन्त्रिपरिषद् गठन गर्दा नागरिकता किर्तेमा मुद्दा खेपिरहेका रवि लामिछानेलाई स्वार्थ बाझिने गरी गृहमन्त्री बनाएको थियो ।

भ्रष्टाचारको अभियोगमा मुद्दा खेपिरहेका विक्रम पाण्डेलाई शहरी विकास मन्त्रालयको जिम्मा दिइएको छ। राष्ट्रिय प्रजातन्त्र पार्टीका उपाध्यक्ष समेत रहेका पाण्डे निर्माण कम्पनी 'कालिका रूप' का मालिक हुन्।

सिक्टा सिंचाइ आयोजनाको ठेक्का पाएको पाण्डेको कम्पनीले भ्रष्टाचार गरेको आरोप छ।

कालिका रूपले अन्य निर्माण कम्पनीसँग मिलेर सिक्टा सिंचाइ आयोजनाको ठेक्का पाएको थियो। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले उक्त आयोजनामा दुई अर्ब १३ करोड ७६ लाख रुपैयाँ अनियमितता गरेको भन्दै विशेष अदालतमा मुद्दा दायर गरेको थियो।

गत असारमा विशेष अदालतले अभियोगबाट पाण्डेले सफाइ पाएका थिए । अख्तियारले सर्वोच्च अदालतमा पाण्डे विरुद्धको मुद्दा पुनरावेदनको तयारी गरेको अख्तियार स्रोतले बताएको छ ।

देवानी दायित्व भएकाले फौजदारी दाबी नपुग्ने ठहर गर्दै सफाइ दिएको विशेष अदालतले ६ महीनासम्म पूर्ण पाठ नदिंदा अख्तियारले सर्वोच्च अदालतमा पुनरावेदन दायर गर्न सकेको छैन। यद्यपि अख्तियारले पुनरावेदन गर्ने निश्चित भएकाले मुद्दा विचाराधीनकै हैसियतमा छ।

पाण्डेमाथि लागेको अभियोगमा माथिल्लो अदालतमा न्यायिक परीक्षण हुनै बाँकी छ भने अर्कोतिर विकास निर्माणका धेरै काम हुने मन्त्रालय उनकै पोल्टामा पुगेको छ। चुनावी अभियानका क्रममा राप्रपा अध्यक्ष राजेन्द्र लिंगदेनले ठूला दलका नेताहरु चोर रहेको चर्को भाषण गर्दै आएका थिए ।

तर उनै लिंगदेनले चोर भन्ने गरेको पदवीका आफ्नै उपाध्यक्ष विक्रम पाण्डेलाई मन्त्री बनाएर कथनी र करनीमा दोहोरो चरित्र देखाएका छन्। मन्त्री पदको बहालीसँगै पशुपति पुगेर राप्रपाका मन्त्रीहरुले यस्तै मन्त्रालय पाइरहुं प्रभु भनेर भाकल गरे कि प्रायश्चित भन्ने समयक्रममा देखिंदै जाला ।

पाण्डे निर्माण कम्पनीको अध्यक्ष र शहरी मन्त्री दुवै हैसियतमा रहँदा प्रत्यक्ष र अप्रत्यक्ष गरी दुवैखाले स्वार्थको द्वन्द्व सिर्जना हुने स्वत स्पष्ट छ ।

शहरी विकास ठूला विकास निर्माणका थुप्रै काम हुने मन्त्रालय भएकाले भविष्यमा जहिलेसुकै मन्त्री पाण्डेको स्वार्थको द्वन्द्व रहन्छ नै ।

# मधेश प्रदेशको सभामुखमा एमालेका मण्डल निर्वाचित

वीरगञ्ज ,०३ माघः मधेश प्रदेशको सभामुखमा नेकपा एमालेका रामचन्द्र मण्डल निर्वाचित भएका छन् ।

मंगलबार प्रदेशसभामा भएको सभामुखको निर्वाचनमा मण्डल निर्वाचित भएका हुन् । मत विभाजन एवं हस्ताक्षर मार्फत भएको निर्वाचनमा मण्डलको पक्षमा ७४ मत र विपक्षमा २९ मत परेको छ । आज मङ्गलबार सदनमा एकसय ३ सांसद उपस्थित थिए ।मण्डल निर्वाचित भएको सभाका अध्यक्षता गरेका जेष्ठ सदस्य गोबिन्दबहादुर न्यौपानेले घोषणा गरेका हुन् ।मण्डललाई सत्ता गठबन्धन घटक दल नेकपा एमाले, जनता



समाजवादी पार्टी (जसपा), जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, नेकपा माओवादी केन्द्र, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल संघीय समाजवादी र दुई स्वतन्त्र सांसदले पक्षमा मतदान गरेका हुन् ।मण्डल धनुषा क्षेत्र नं. १ (ख)बाट दोश्रोपटक निर्वाचित सांसद हुन् । विपक्षमा कांग्रेस र नेकपा एकीकृत समाजवादी पार्टीका सांसदले मतदान गरेका थिए ।नेपाली कांग्रेसबाट सभामुखमा जंगीलाल राय उम्मेदवार थिए । प्रदेश सभामा एमालेका २३, कांग्रेस २२, जसपा १६, जनमत १३, लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) र माओवादी केन्द्रका ९/९, एकीकृत समाजवादीका सात सांसद छन् भने नेपाल संघीय समाजवादी पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र नागरिक उन्मुक्ति पार्टीका एक/एक जना सांसद छन् । यस्तै पाँचजना स्वतन्त्र सांसद छन् ।

# अटेरी क्रसर उद्योगमाथि कारबाही थालिँदै

महोत्तरी, माघ ३ गते । कानुनको अटेर गर्ने क्रसर उद्योगमाथि जिल्ला समन्वय समिति महोत्तरीले कारबाही थाल्ने भएको छ । जिल्लामा प्राकृतिक सम्पदाको उपयोग कानुनसम्मत भए नभएको अनुगमन गर्ने जिल्लास्थित रहेको समितिले कानुन अटेर गर्ने उद्योगमाथि कारबाही थालिने जनाएको हो ।

ढिस्का, चउर, नदी र नदी उकास क्षेत्रमा बढेको उत्खननबारे समितिले अनुगमन बढाएको छ । समितिले विद्युतीय लाइन काटेर कारबाही थाल्ने जनाएको हो । क्रसर उद्योग, बालुवा प्रशोधन र बालुवा वासिङ सेन्टरका नाउँमा सञ्चालित उद्योगले स्थानीय तहको संरक्षणमा कानुन पालना नगरेको जिल्ला समन्वय समिति नेतृत्वको अनुगमन समितिको निष्कर्ष छ ।

जिल्लाका क्रसर उद्योगको अनुगमन गर्दा नियम विपरीत उत्खनन गरिरहेका पाइयो, अनुगमन समिति संयोजक रहनुभएका जिल्ला समन्वय समिति महोत्तरीका प्रमुख सुमनकुमार लालकर्ण भन्नुहुन्छ, नियमानुसार अनुगमन बढाउँछौं, कानुन नमान्नेको विद्युतीय लाइन काट्दैछौं । नदीजन्य पदार्थ उत्खननअघि सम्बन्धित स्थानीय तहले विज्ञबाट वातावरणीय प्रभाव मूल्याङ्कन गराउने र सो अनुसार तोकिएको मात्रामा उत्खननको इजाजत कानुनअनुसारका योग्य कम्पनीलाई दिनसक्ने प्रावधान छ ।इजाजत पाएका कम्पनीले तोकिएको मापदण्डअनुसार उत्खनन गरेका छन् छैनन् त्यसको अनुगमन गर्ने जिल्ला समन्वय समिति नेतृत्वको अनुगमन समितिले गर्छ । सो समितिमा जिल्लाका प्रमुख जिल्ला अधिकारी, नेपाल प्रहरी र सशस्त्र प्रहरीका जिल्लास्थित प्रमुख सदस्य छन् । समितिले जिल्लाका बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिकाका क्रसर र बालुवा प्रशोधन उद्योगले मापदण्डविपरीत उत्खनन गरी रहेका निष्कर्ष निकालेको हो ।

बर्दिबास, गौशाला र भङ्गाहा नगरपालिका क्षेत्रका ५३ उद्योगको अनुगमनमा बैधानिक कागजात दिन सकेनन्, कर्ण भन्नुहुन्छ, न इजाजतपत्र, नवीकरण मौज्दात विवरण, हचुवाका भरमा सञ्चालित छन् । अनुगमनपछि सम्बद्ध स्थानीय तहलाई यसको अवस्थाबारे जानकारी गर्न अनुरोध गरे पनि कसैले वास्ता नगरेको कर्णको गुनासो छ ।

आर्थिक वर्षको अन्त्यमा त्यो वर्ष उत्खनन गरिएका नदीजन्य पदार्थको निकासी कति भयो ? भण्डारमा कति मौज्दात छ रु त्यसको विवरण सम्बद्ध उद्योगले राख्नपर्छ, सम्बन्धित स्थानीय तह र जिल्ला अनुगमन समितिले मागेका बेला देखाउनुपर्छ, कर्ण भन्नुहुन्छ, यसबारे कुनै उद्योग र सम्बद्ध स्थानीय तह संवेदनशील देखिएनन् ।

विभिन्न शक्तिकेन्द्रको आड र संरक्षणमा कानुनको बेवास्ता गर्दै सञ्चालनमा रहेका क्रसर उद्योगको मनपरी उत्खननले नदी र उकास क्षेत्र खण्डहर बन्दै गएका गुनासो बढेपछि समितिले अनुगमन र कारबाही प्रक्रिया बढाइएको जनाएको छ ।

उद्योग बन्द गराएर निर्माण सामग्रीको अभाव सिर्जना गर्ने आफ्नो उद्देश्य नरहेको स्पष्ट पार्दै समितिले अब कानुन मिच्न नदिइने जनाएको छ ।

सम्बन्धित वडा कार्यालयको सिफारिसमा जिल्लास्थित घरेलु उद्योग कार्यालयमा दर्ता हुने यस्ता उद्योगको विवरण स्थानीय तह (नगर वा गाउँपालिकाको कार्यालय) र जिल्ला समन्वय समितिको कार्यालयमा रहने व्यवस्था छ । वर्सेनि कानुनबमोजिम नवीकरण गर्ने र मापदण्डअनुसार काम गर्नेप्रति कुनै पूर्वाग्रह नरहने स्पष्ट पार्दै समितिले अटेर गर्ने उद्योगमाथि भने कारबाही गरिने जनाएको छ ।

जिल्लामा अहिले बर्दिबासमा २५ र गौशाला एवं भङ्गाहामा १४/१४ गरी ५३ उद्योग अस्तित्वमा देखिन्छन् । यीमध्ये लगातारको ताकेतापछि २० वटाले केही कागजात समितिमा ल्याए पनि त्यो अपूर्ण रहेको प्रमुख कर्णको भनाइ छ । अन्य २३ वटा त पूरै बेखबर छन् । यहींकै ठूलाबडाका हुन् क्रसर, कसले हेर्ने ? कसले बुझ्ने ? भङ्गाहा-४ का सामाजिक कार्यकर्ता गङ्गाराम महतो भन्नुहुन्छ ।

यता यी तीनै स्थानीय तह (बर्दिबास,

बाँकी तेश्रो पृष्ठमा

# मधेस प्रदेशको उपसभामुखमा बबिताकुमारी राउत ईशर निर्वाचित



माघ ३ जनकपुरधाम)))मधेस प्रदेशको उपसभामुखमा सत्तारुढ गठबन्धनकी बबिताकुमारी राउत ईशर निर्वाचित भएकी छिन् । समानुपातिक प्रणालीबाट प्रदेशसभा सदस्य भएकी ईशर मंगलबार भएको मत विभाजनबाट उपसभामुखमा चयन भएकी हुन् । मधेस प्रदेशसभा कार्यसञ्चालन नियमावली, २०७५ को नियम ९ र ७ को उपनियम ४ बमोजिम उपसभामुख चयन गरिएको हो ।

नेकपा एमाले संसदीय दलका नेता सरोजकुमार यादवले जनमत पार्टीकी समानुपातिका सांसद राउतलाई उपसभामुखमा निर्वाचित गरियोस् भनेर प्रदेशसभामा पेश गरेको प्रस्तावको पक्षमा ७२ मत परेसँगै उनी उपसभामुखमा चयन भएकी हुन् । प्रस्तावको विपक्षमा २९ मत खसेको थियो । उपसभामुखको निर्वाचनमा १०१ जना सांसद उपस्थित भएका थिए ।

राउतलाई नेकपा एमालेका २३, जसपाका १६, जनमतका १३, लोसपाका ९, माओवादी केन्द्रका ७, नागरिक उन्मुक्ति पार्टीका १,

बाँकी तेश्रो पृष्ठमा